# बेलका नगरपालिका, नगर सभाको बाहौं अधिवेशनका निर्णयहरुः

**<u>निर्णय नं.१.</u>**

नगर कार्यपालिकाको आ.व. २०७९/०८० साउन १ गते देखि २०८० असार ३० गतेसम्म (बैठक संख्या १ देखि २२) तपसिल वमोजिम बसेको बैठकका निर्णयहरु अनुमोदन गरियो ।

**तपसिलः**

| क्र.स. | मिति | बैठक संख्या | निर्णय संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | २०७९/०४/२६ | १ | १९ | |
| २ | २०७९/०५/१२ | २ | २७ | |
| ३ | २०७९/०६/०९ | ३ | पहिलो दिन | |
| ४ | २०७९/०६/११ | ३ | ५५ | |
| ५ | २०७९/०६/३० | ४ | ११ | |
| ६ | २०७९/०७/१६ | ५ | ३ | |
| ७ | २०७९/०७/२४ | ६ | २७ | |
| ८ | २०७९/०८/१८ | ७ | ३७ | |
| ९ | २०७९/०८/२५ | ८ | ५ | |
| १० | २०७९/०९/०८ | ९ | ११ | |
| ११ | २०७९/०९/१४ | १० | ८ | |
| १२ | २०७९/०९/२७ | ११ | १६ | |
| १३ | २०७९/१०/२५ | १२ | १४ | |
| १४ | २०७९/११/०१ | १३ | ० | |
| १५ | २०७९/११/०३ | १४ | ४ | |
| १६ | २०७९/११/१२ | १५ | पहिलो दिन | |
| १७ | २०७९/११/१५ | १५ | २६ | |
| १८ | २०७९/१२/०७ | १६ | २९ | |
| १९ | २०७९/१२/२७ | १७ | १४ | |
| २० | २०८०/०१/१३ | १८ | ७ | |
| २१ | २०८०/०१/२९ | १९ | २१ | |
| २२ | २०८०/०२/२४ | २० | ४१ | |
| २३ | २०८०/०२/२८ | २१ | १० | |
| २४ | २०८०/०३/०४ | २२ | | |
| २५ | | | | |
| निर्णय संख्या | | | | |

**<u>निर्णय नं.२.</u>**

बेलका नगरपालिका राजश्व परामर्श समितिमा छलफल गरी सिफारिस भई आएको आर्थिक विधेयक, २०८० नगर कार्यपालिका बैठकबाट स्वीकृत भई नगरसभामा पेशभए वमोजिम अनुसूची १ अनुरुप सर्वसम्मत पारित गरियो ।

**निर्णय नं.३.**

बेलका नगरपालिकाको राजश्व परामर्श समितिले आंकलन गरेको अन्तरिक राजश्व, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको कुल राजश्व, बजेट बाँडफाँड र प्राथमिकताको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको कुल बजेटको बाँडफाँडलाई स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को अनुसूची-७ वमोजिमको ढाँचामा तयार गरिएको बेलका नगरपालिकाको विनियोजन विधेयक, २०८० नगर कार्यपालिका बैठकबाट स्वीकृत भई नगर सभामा पेशभए वमोजिम अनुसूची २ अनुरुप सर्वसम्मत पारित गरियो ।

**निर्णय नं.४.**

बेलका नगरपालिकाको आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम पेश भए वमोजिम अनुसूची ३ अनुरुपको केहि विषयगत क्षेत्रहरुमा संशोधन सहित पारित गरियो ।

**निर्णय नं.५.**

बेलका नगरपालिकाको नगर सभाको १० औं र ११ औं नगर अधिवेशन भन्दा पछी २०८० जेष्ठ मसान्तसम्मको आय र व्ययको यथार्थ विवरण नगर कार्यपालिका बैठकबाट स्वीकृत भई नगर सभामा पेशभए वमोजिम अनुसूची ४ अनुरुप सर्वसम्मत अनुमोदन गरियो ।

**निर्णय नं.६.**

बेलका नगरपालिकाको विधायन समितिबाट नगरकार्यपालिकामा आवश्यक रहेका विभिन्न समिति तथा शाखाहरुबाट पेश भइ कार्यपालिकामा छलफल भइ अनुमोदनकाका लागि पेश भएका र साविकमा निर्माण भएका तर राजपत्रमा प्रकाशन नभएका अनुसूची ५ वमोजिमका ऐन, कानून, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्डहरु स्वीकृत गर्दै राजपत्रमा प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.७.**

बेलका नगरपालिका क्षेत्रमा नगरपालिकाको राजश्व परामर्श समितिले सिफारिस गरेका दररेटमा राजश्व उठाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.८.**

दैनिक भ्रमणभत्ता नियमावली अनुसार १५ कि.मि. भित्र दैनिक भ्रमणभत्ता नपाउने व्यवस्था भएकाले नगरपालिका क्षेत्र भित्र वार्षिक स्वीकृत योजना र कार्यक्रम नगर क्षेत्र भित्रका प्राकृतिक श्रोत साधन संचालन तथा व्यवस्थापन अनुगमन गर्दा अनुगमनमा संलग्नहुने अधिकृतस्तर वा सो भन्दा माथिको पदाधिकारीको लागि रकम रु.१०००।- र सहायकस्तरको कर्मचारीहरुको लागि रकम रु.८००।- उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.९.**

यस नगरपालिकामा प्राप्त हुने अन्य श्रोत वा कुनै योजना संचालन नभएमा उक्त रकम नगर कार्यपालिकाको बैठकले विनियोजन गरी खर्च गर्ने र क्रमागत रुपमा कार्यन्वयनमा आउने प्रकारका योजनाहरुलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.१०.**

आर्थिक वर्ष २०७९/०८० मा कार्यान्वन हुन नसकेका योजनाहरु नगर कार्यपालिकाको बैठकबाट विभाजन गर्न अख्तियारी दिने साथै यस आर्थिक वर्षमा हाल सम्म भएको खर्चलाई समर्थन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.११.**

संघीय सरकार, प्रदेश सरकार र अन्य निकायबाट यसपछी प्रप्त हुने रकमलाई कार्यपालिका बैठकबाट निर्णयभए वमोजिम बाडफाँड गरी खर्च गर्न सक्ने अधिकार कार्यपालिकालाई प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.१२.**

नगरपालिकाबाट स्वीकृत भवन निर्माण मापदण्ड अनुसार २०८० पुस मसान्तसम्म पुनर्लेखिकरण र अभिलेखीकरण गर्ने कार्य कार्यविधि संशोधन गरी कार्यान्वयन गर्न नगर कार्यपालिकालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.१३.**

वडा कार्यालयबाट प्रवाह हुने सेवालाई सहज र सरल बनाई सुशासन कायम गर्न/ गराउनका लागि स्थायी कर्मचारी अपुग भएमा सेवा करारमा प्रत्येक वडामा १ जना प्राविधिक पठाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.१४.**

नगरपालिकाको लेखा समितिलाई थप सहज बनाउने, नियमित गर्नु पर्ने बेरुजु नियमित गर्ने, असुल उपर गर्ने बेरुजुलाई असुल उपर गर्ने, खर्चमा मितव्ययिता अपनाउने, विभिन्न संबैधानिक आयोगका निर्णयहरुलाई कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.१५.**

ढुंगा, गिट्टी, बालुवा, भरोट र माटो लगायतका प्राकृतिक श्रोतको सन्दर्भमा संघीय सरकार, प्रदेश सरकार, राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिको मापदण्डमा रही नगरपालिकाबाट कार्यविधि निर्माण गरी सोहि अनुसार हुने गरी मात्र उत्खनन गर्ने, संकलन गर्ने, बाहिर निकासी गर्ने तथा स्थानीय उपयोग गर्न सकिने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णयनं.१६.**

उपभोक्ता हित संरक्षणका लागि नगरपालिका क्षेत्र भित्र बजार अनुगमन गर्न नगर कार्यपालिकाबाट नगर उपप्रमुखको संयोजकत्वमा सरोकारवाला सबै निकायको प्रतिनिधित्व हुने गरी स्थानीय बजार अनुगमन समिति गठन गरी अनुगमन गर्ने व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.१७.**

सार्वजनिक जग्गा, मठ, मन्दिर तथा अन्य सरकारी, गैर सरकारी सहयोगमा स्थापना भएका सार्वजनिक संस्थाहरु, उद्यान, फलफूल बगैचा, पोखरी, पाटि, पौवा, हिटी, लगायतका सार्वजनिक सम्पतिहरुको अभिलेख राख्ने र नगरपालिकाको आम्दानीको श्रोतको रुपमा उपयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.१८.**

नगरपालिकामा बसपार्क निर्माणका लागि नगर विकास कोषद्वारा तयार भएको विस्तृत योजना प्रतिवेदन अनुरुपको कार्य थालनी गर्नका लागि नगरपालिकालाई अधिक आर्थिक भार हुने र वर्तमान अवस्थामा DPR मा उल्लेख भए वमोजिमको बसपार्क निर्माण गर्नका लागि सवारी साधनको अधिक चाप नरहेकाले उक्त DPR मा उल्लेख गरीए मध्ये प्रारम्भिक रुपमा रकम रु.४ करोडको मात्र निर्माण थालनी गरी बस पार्क निर्माण र संचालनका लागि नगर विकास कोषसंग ऋण सहयोग लिने प्रक्रियालाई निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.१९.**

नगरपालिका भित्रका विभिन्न वडाहरु तथा निकायहरु एवम् नगरपालिकाबाट समेत छनौट भएका योजनाहरु मध्ये नगरपालिकाको श्रोतले सम्पन्न भएका योजनाहरुलाई प्राथमिकतामा राखी सम्बन्धित निकायमा योजना संचालनको लागि लेखि पठाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.२०.**

नगरपालिका भित्र प्लटिङ्ग गर्ने कार्यलाई निरुत्साहित गर्ने, भवन निर्माण गर्दा प्राकृतिक वातावरण नबिग्रने गरीमात्र स्वीकृति दिने र संघीय सरकार, प्रदेश सरकारसँग स्वीकृति प्राप्त भई संचालन गर्ने खनिज उत्खनन कार्यलाई नगरपालिकाले मापदण्ड बनाई वातावरण संरक्षण गरीने क्रसिङ/ प्रशोधन व्यवसायलाई निश्चित मापदण्डको अधिनमा रही संचालन गर्न दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.२१.**

बेलका नगरपालिका वडा नं. ५ मा स्थापित औद्योगिक ग्रामलाई संचालनार्थ आवश्यक प्रक्रिया पुर्याई IEE गराई कार्य अगाडी बढाउन कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.२२.**

नगरपालिकाको वडा नं. ६ मा १० शैयाको आधारभूत अस्पताल निर्माण प्रक्रियाको क्रममा वन तथा वातावरण मन्त्रालयबाट जग्गा प्राप्तिको प्रक्रिया अगाडी बढाउन नेपाल सरकारको क्याबिनेटबाट समेत स्वीकृत भइ सकेको सन्दर्भमा दातृ निकाय, संघीय सरकार, प्रदेश सरकारको स्वीकृतिमा अन्तराष्ट्रीय संस्थाहरुलाई भवन निर्माणमा सहयोगका लागि अनुरोध गर्न कार्यपालिकालाई सिफारिस गर्ने साथै आधारभूत अस्पताल निर्माण कार्य अविलम्ब थालनी गर्न नगरपालिकालाई निर्देशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.२३.**

अन्तरिक पर्यटनलाई बढाउन र पर्यटन विकास अवधारणा वमोजिम विकासको गतिलाई बढोत्तरी गर्नका लागि धार्मिक, संस्कृतिक तथा वन पैदावार जंगल सफारीका सन्दर्भमा चतराधामलाई मैनानैनीसँग जोडी प्रसिद्ध प्रचलित धार्मिक पर्यटन विकास, सिता रानी, बेलका राजारानी धार्मिक क्षेत्रमा तथा कोशी टप्पु वन्यजन्तु आरक्षसँग समन्वय गरी योजनावद्ध पर्य-पर्यटन, जंगल सफारी, होम स्टे लगायतको पूर्वाधार विकासलाई वढावा दिन उक्त क्षेत्रमा पर्यटक ल्याउनका लागि आवश्यक वातावरण निर्माण गर्नका लागि सम्बन्धित निकायसँग आवश्यक सहयोग माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.२४.**

बेलका नगरमा सप्तकोशी नदीमा मिति २०७९ साल साउन महिनामा आएको बाढीले पुर्याएको क्षति न्यूनीकरणका लागि नगरपालिकाले नगरमा उपलब्ध भएको श्रोत साधनको प्रयोग गरी र नेपाल सरकार विपद जोखिम न्यूनीकरण प्राधिकरण तथा कोशी भोक्राहा नदि नियन्त्रण आयोगनासँग समन्वय गरी, नदीले कटान भएको वखतमा तटवन्ध निर्माण गर्न र हाल दिर्घकालिन स्थायी तटबन्ध निर्माण गर्ने कार्यमा नगरपालिकाले अपनाएको कदम यस नगरपालिकाको साधारण सभालाई जानकारी नै होला उक्त क्षेत्रमा दिर्घकालिन सप्तकोशी कटान न्यूनिकरणका लागि थप आवश्यक पहल गर्न नगरपालिकालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.२५.**

बेलका नगरपालिकाले प्राप्त गरेको संस्थागत क्षमता स्वमूल्यांकन (LISA) को नतिजा तथा गुणस्तरको परिणामको अन्तिम प्राप्तांक ७१.७५ अनुमोदन गर्ने र आगामी आर्थिक वर्षमा स्वमुल्यांकन अंकलाई वृद्धि गर्न नगरपालिकालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.२६.**

प्रदेश तथा स्थानीय तह कार्य सम्पादन मूल्यांकन कार्यविधि, २०७८ वमोजिम राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका सूचक वमोजिम प्रविष्ट गर्नु पर्ने विवरण NNFRA पोर्टलमा अध्यावधिक गरी प्राप्त भएको अन्तिम प्राप्तांक ५८.९१ अनुमोदन गर्ने र आगामी आर्थिक वर्षमा उक्त अंकलाई वृद्धि गर्न नगरपालिकालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.२७.**

स्थानिय तह वित्तीय जोखिम मूल्यांकनको कार्य FRA को प्राप्त अन्तिम प्राप्तांक ६२ अनुमोदन गर्ने र आगामी आर्थिक वर्षमा उक्त स्थानीय तह वित्तीय जोखिम मूल्यांकन अंकलाई वृद्धि गर्न नगरपालिकालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.२८.**

यस नगरपालिकामा रहेका सार्वजनिक जग्गाहरुको (जस्तैः-वन, खोलानाला, नदीउकास, चरीचरण, मसानघाट लगायत) सार्वजनिक जमिनको अभिलेखीकरण गरी संरक्षण गर्ने र संरक्षित जग्गालाई नक्सा, फिल्डबुकको अभिलेख राखी व्यवस्थापन गर्ने तथा सामुदायिक वनको नक्सांकन र सिमांकन डिभिजन वन कार्यालयसँग समन्वय गरी यकिन गरी क्षेत्र निर्धारण तथा व्यवस्थापन गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.२९.**

अव्यवस्थित बसोबासी, सुकुम्बासीहरुको व्यवस्थापन गर्न भूमि आयोगसँग समन्वय गरी जग्गा धनिपुर्जा वितरणको व्यवस्थापन गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.३०.**

यस नगरपालिका अन्तरगत रहेका बर्थिङ्ग सेन्टरहरुमा चौबिसै घण्टा सुत्केरी गराउँदा सो कार्यमा संलग्न एक जना कर्मचारीलाई प्रत्येक सुत्केरी गराए वापत प्रोत्साहन स्वरूप रकम रु.१०००।- उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.३१.**

यस नगरपालिकामा विगतमा तयार गरीएको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन नगर सभाबाट स्वीकृत भएता पानि किताबखानामा दर्ता नभएको हुँदा उक्त प्रतिवेदन अनुसारको दरबन्दी तथा संगठन संरचनालाई पूनःमूल्यांकन गरी नगरपालिकामा रहेका कर्मचारी संख्या र अन्तरिक श्रोतको तादम्यताहुने गरी प्रदेश निजामती किताबखाना तथा संघिय निजामती किताबखानामा दर्ताहुने गरी प्रस्तुत भएको बेलका नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गर्ने र कार्यन्वयनमा लैजाने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.३२.**

यस नगरपालिकाको कार्यालयमा सेवा करारमा कार्यरत सवारी चालकलाई खाना खाजा वापतको लागि नगर प्रमुखको सवारी चालकलाई प्रति महिना रकम रु.५,०००।- र अन्य सवारी चालकहरुलाई प्रति महिना रकम रु.३,०००।- उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.३३.**

यस नगरपालिकाको नगर कार्यपालिका बैठकले तथा नगरप्रमुखले अनुमोदन गरी भएका श्रोतान्तर र रकमान्तरका कार्यक्रमलाई स्वीकृति दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.३४.**

न्यायिक समितिको तर्फबाट कार्यपालिकामा पेश भएको मासिक, त्रैमासिक तथा वार्षिक प्रतिवेदन अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.३५.**

नगरमा शिक्षा क्षेत्रमा देखिएका समस्याहरुको निराकरण गर्नका निमित्त देहायका व्यक्तिहरु रहेको समिति निर्माण गरी उक्त समितिले विद्यालय मर्जर, दरबन्दी मिलान, एवम् भौतिक पूर्वाधार सुधारको निम्ति नगरपालिकाले आगामी रणनीति, जनशक्ति व्यवस्थापन लगायत अन्य विषयमा अशोज मसान्तसम्म सम्बन्धित वडा अध्यक्षसँग समन्वय गरी ठोस राय सुझाव पेश गर्ने र सो विषयहरु शिक्षा समितिबाट अनुमोदन गराई नगर कार्यपालिकामा पेश गर्न कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपशिलः**

१. सामाजिक विकास समिति संयोजक- संयोजक
२. शिक्षक संघ, संगठनका अध्यक्ष/ सभापतिहरु मध्येबाट शिक्षा समितिले तोकेको ३ जना — सदस्य
३. शिक्षा विज्ञ नगर प्रमुखले तोकेको २ जना — सदस्य
४. विद्यालय व्यवस्थापन समिति मध्येबाट नगरपालिकाले तोकेको १ जना — सदस्य
५. प्रधानाध्यापकहरु मध्येबाट नगर प्रमुखले तोकेको १ जना — सदस्य
६. शिक्षा शाखा प्रमुख — सदस्य सचिब

यस समितको बैठकले आफ्नो कार्यविधि आफै निर्धारण गर्न र बैठक आवश्यकता अनुसार नगर प्रमुख, उप-प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतलाई आमन्त्रण गर्न सक्नेछ ।

**निर्णयनं.३६.**

विगत नगर सभाको अधिवेशनबाट पारित भइ कार्य सम्पादनका लागि नियुक्त भएका कानूनी सल्लाहकार, नगर प्रमुख, उप-प्रमुख सचिवालयका कर्मचारी तथा सवारी चालकहरुलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.३७.**

करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुको हकमा २०८० अशोज मसान्तसम्म म्याद थप गर्ने । तत्पश्चात नगर कार्यपालिकाको निर्णय अनुसार आवश्यकता तथा कार्य सम्पादन स्तर हेरी सम्झौता म्याद थप गर्न नगर कार्यपालिकालाई आवश्यक अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.३८.**

करार र स्थायी कर्मचारीले संघीय सरकारको प्रचलित कानून वमोजिम तलब भत्ता उपलब्ध गराउने साथै ज्यालादारी कर्मचारीको हकमा प्रचलित ज्यालादर रेट अनुसार उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.३९.**

आर्थिक वर्ष २०८०/०८१ का लागि कार्यपालिकाबाट पेश भएको मसलन्द खरिद तथा निर्माण खरिद वार्षिक खरिद योजना अनुसूची-६ वमोजिम स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.४०.**

बेलका नगरपालिकाको एघारौं नगर अधिवेशनबाट स्वीकृत विनियोजन ऐन २०७९ ले घाटा वजेटको रुपमा तय गरेका योजनाहरुको हकमा श्रोत सुनिश्चित भएमा सोहि आर्थिक वर्षमा भुक्तानी हुने गरी सम्झौता गर्ने, श्रोत सुनिश्चित नभएमा आगामी आर्थिक वर्षमा सम्झौता पत्रमा उल्लेख गरी सम्झौता भएकाहरुको हकमा आगामी आर्थिक वर्षमा भुक्तानी सर्ने गरी सम्झौता गर्ने र कार्यक्रम संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.४१.**

नगरका साप्ताहिक हाटलाई व्यवस्थापन गर्न संघीय शहरी विकास मन्त्रालय तथा नगर विकास कोषसँग ऋण सहयोग लिई कार्यक्रम अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.४२.**

बिराटनगरमा रहेको कोशी अस्पतालसँग समन्वय गरी बेलका नगरपालिकाका विरामीका लागि आकस्मिक तथा अन्य उपचारकालागि निशुल्क उपचार उपलब्ध गराउन कोशी अस्पतालको सहकार्यमा आवश्यक कार्यविधि तथा बजेट तयार गरी कार्यान्वयन गर्न नगरपालिकालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.४३.**

यस नगरपालिकाको वडा नं. १,२,३,४,५,६,७,८ र ९ मा आधुनिक कृषि परियोजना संचालन गर्ने प्रक्रिया अगाडी बढी सकेको हुँदा सो कार्यलाई मन्त्रालयसँग समन्वय गरी यथेष्ट प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.४४.**

बेलका नगरपालिका अन्तर्गत संचालित सर्पदंश उपचार केन्द्र, महिला सुरक्षाबास, आयुर्वेद औषधालय र आँखा उपचार केन्द्रलाई निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.४५.**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ को उपदफा १ वमोजिम सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी दिइनुपर्ने व्यवस्थालाई कार्यान्वयन गर्ने र प्रमुख प्रशासकीय अधिकृतले सोहि ऐनको दफा ७३(२) वमोजिम शखागत कार्यसम्पादनका लागि अख्तियारी दिने कार्यपालिकालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो

**निर्णयनं.४६.**

आर्थिक वर्ष २०८०/०८१ का लागि बाह्रौं अधिवेशनबाट स्वीकृत भएको विनियोजित योजना तथा कार्यक्रमको ठेक्का व्यवस्थापन, उपभोक्ता समिति गठन तथा कार्यक्रमको स्वीकृति २०८० कार्तिक मसान्त भित्रमा सम्पन्न गरीसक्नु पर्ने छ । यदि सो अवधिमा सम्झौता सम्पन्न नभएमा नगर कार्यपालिकाको सहमति लिई २०८० मङ्सिर मसान्त सम्ममा सम्झौता सम्पन्न गरीसक्नु पर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.४७.**

नगर कार्यपालिकाको काम कारवाही छिटो छरितो तथा प्रविधि मैत्री बनाउनका लागि आवश्यक औजार उपकरण प्राविधिकको व्यवस्था गरी आवश्यकता अनुसार खरिद गरी वयवस्थापन हुन आवश्यक पहल गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.४८.**

आर्थिक वर्ष २०७९/०८० मा बेलका नगरपालिकासँग साझेदार गरी विकास कार्यमा सहभागी हुने कार्यक्रम सहयोगी इकाई, राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारीहरुलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि परस्पर सहयोगका लागि अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.४९.**

बेलका नगरपालिकाले सार्वजनिक सुनिवाई हरेक चौमासिक समाप्ति पश्चातको १५ दिन भित्रमा सम्पन्न गर्ने त्यस्तै सूचनाको हक सम्बन्धि ऐन २०६३ अनुसार प्रत्येक चौमासिक रुपमा प्रगति विवरण स्वतः प्रकाशन गरी Website मा राख्न लगाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.५०.**

बेलका नगरपालिकाका पूँजीगत आयोजना तथा कार्यक्रमहरुको ३% कन्टिजेंसी तथा योजनाहरुको सन्दर्भमा मर्मत सम्भार कोषमा समेत १% कट्टा गरी भुक्तानी दिने साथै उपभोक्ता समिति मार्फत संचालित योजनाहरुको हकमा २०% (१०%लागत सहभागिता, १०%श्रम सहभागिता) लागत सहभागिता हुनुपर्ने व्यवस्था गर्न कार्यपालिकालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.५१.**

बेलका नगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुलाई दिँदै आएको सेवा सुविधाको हकमा श्रेणीगत/ तहगत तलबमान र सुबिधा नेपाल सरकारले निर्धारण गरे वमोजिम र अन्य सेवा सुबिधा

साविक वमोजिमनै निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो । नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको आ.व. २०८०/०८१ का लागि नेपाल सरकारले तोके वमोजिमको तलब सहित सेवा सुबिधा पाउने गरी तलवी प्रतिवेदन, महंगी भत्ता, ग्रेड, समायोजन ग्रेड सहितको संलग्न अनुसूची ७ वमोजिमको तलबी प्रतिवेदन पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयनं.५२.**

स्थानीय तहमा कार्यरत स्थायी तथा अस्थायी/ करार कर्मचारीहरुको हितलाई मध्येनजर गरी निजहरुले सेवानिवृत पश्चात पाउने उपदान, औषधि उपचार खर्च, संचित बिदा लगायत अन्य सुबिधा उपलब्ध गराउने आवश्यक बजेटको व्यवस्थापन गरी कार्मचारी कल्याण कोषमा रकम जम्मा गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.५३.**

स्थानीय तहमा स्थायी नियुक्ति भई आएका निवृतिभरण पाउने कार्मचारीहरुको हकमा ऐनमा भएको व्यवस्था भए वमोजिम कोषमा रकम जम्मा गर्न लगाई नगरपालिकाको तर्फबाट समेत थप रकम दिने व्यवस्थालाई निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.५४.**

विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन तथा विभिन्न कार्यक्रममा सहभागितामा नगरमा रहेको सवारी साधन अभाव रहेको हुँदा प्रमुख प्रशासकीय अधिकृतले सवारी भाडामा लिन सक्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.५५.**

बेलका नगर कार्यपालिका/ नगरसभा सदस्यहरुका लागि प्रदेश सरकारले तोके वमोजिम प्रदान गर्नु पर्ने अनुसारको सेवा सुबिधा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.५६.**

क. वडा स्तरीय योजना तथा कार्यक्रमहरु संचालन पश्चात भुक्तानी सिफारिस गर्दा योजनाहरुको स्पष्ट किटानी सहित योजना अनुगमन प्रतिवेदन, सम्झौता, म्याद थप पत्र, खर्च विवरण लगायतका आवश्यक कागजात सहित वडा मार्फत अनुमोदन गरी भुक्तानी सिफारिस गर्नु पर्ने छ ।

ख. नगर स्तरीय अनुगमन समितिको संयोजकले सबै योजनाहरुको सामान्यतय कम्तिमा एक पटक अनुगमन गरीए पश्चात मात्र भुक्तानीको व्यवस्था मिलाइने छ । साथै त्यसरी अनुगमन गरिएका योजनाहरुको अनुगमन प्रतिवेदन नगर सभाको अधिवेशनमा पेश गर्नु पर्ने छ ।

**निर्णय नं.५७.**

गलत विवरण, लिखत, तयार गरी/गराई सो कार्यको अनुगमन, भुक्तानी सिफारिस भएका प्रचलित कानूनवमोजिम कारवाहीको प्रक्रियामा गएका वा जवाफ दिनु परेमा सो कार्यमा संलग्न/जानकार कर्मचारी शाखा प्रमुख र अनुगमन सिफारिस तथा प्रमाणित गर्ने सम्बन्धित व्यक्तिले उक्त कार्यको सम्पूर्ण जिम्मेवारी लिनु पर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.५८.**

बेलका नगरपालिकाका स्वीकृत योजना कार्यक्रम बाहेकका नेपाल सरकार, प्रदेश सरकार र अन्य संघ/संस्था निकायबाट नगरपालिकामा संचालन भएका कार्यक्रमहरु अनुगमन गर्दा सरोकार पक्षलाई समेत जानकारी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.५९.**

बेलका नगरपालिकामा हाल आ.ले.प. गर्ने कार्मचारी नभएकाले कोष तथा लेखा नियन्त्रक कार्यालय उदयपुरलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.६०.**

नगरपालिकामा रहेका/ स्वामित्व भित्रका सबै २ पांग्रे र ४ पांग्रे सवारी साधन भारी निर्माण सामग्रीहरुको नवीकरण/ बिमा गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.६१.**

बेलका नगरपालिकाको प्राविधिक शाखा, योजना शाखा, प्रशासन शाखा लगायतका शाखामा अतिरिक्त समय समेत काम गर्ने कर्मचारीहरुलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन स्वरूप खाईपाई आएको तलबमानको अतिरिक्त ३०% सम्म मौद्रिक प्रोत्साहन उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.६२.**

बेलका नगरपालिकामा क्षेत्रमा रहेका बजारहरु नगर स्तरीय बजार अनुगमन समितिद्वारा वर्षमा कम्तिमा ४ पटक (प्रत्येक त्रैमासिकमा १ पटक) अनुगमन गर्ने र वडाबाट वडा अध्यक्षको संयोजकत्वमा अनुगमन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.६३.**

नगरपालिकामा पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गर्नका लागि समय सापेक्ष विभिन्न प्रकारका क्षमता विकास तालिम, अनुशिक्षण, अवलोकन भ्रमण लगायतका कार्यक्रमहरु संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.६४.**

बेलका नगरपालिकामा विभिन्न योजनाहरु संचालन गर्न र सम्बन्धित निकायमा निर्माणका कार्य गरिदिन तथा श्रोत व्यवस्थापन गर्न माग गर्नु पर्ने भएकाले आवश्यकता वमोजिमका योजनाहरुको DPR, Master Plan, सम्भाव्यता अध्ययन गर्ने । साथै सम्बद्ध निकायहरुसँग सहयोगका लागि अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.६५.**

इन्धन व्यवस्थापन तपसिल वमोजिम हुने गरी सर्वसम्मत निर्णय गरियो ।

**तपशीलः**

क. नगर प्रमुखज्यूको सवारी साधनमा आवश्यकता अनुसार नगर प्रमुखज्यूले कुपन जारि गरी इन्धन उपलब्ध गराई सवारी चालकले प्रमाणित लगबुक पेश गर्नु पर्ने । उल्लेखित सवारी साधनहरु मर्मत सम्भार गर्दा आवश्यकता अनुसार मर्मत आदेश नगर प्रमुखज्यूबाट नै जारी हुने र मर्मत गरिने ।

ख. नगर उप-प्रमुखज्यूको सवारी साधनमा आवश्यकता अनुसार नगर उप-प्रमुखज्यूको कुपन जारि गरी इन्धन इन्धन उपलब्ध गराई सवारी चालकले प्रमाणित लगबुक पेश गर्नु पर्ने । उल्लेखित सवारी साधनहरु मर्मत सम्भार गर्दा आवश्यकता अनुसार मर्मत आदेश नगर उप-प्रमुखज्यूबाट नै जारी हुने र मर्मत गरिने ।

ग. वडा कार्यालयका लागि आवश्यकता अनुसार वडा कार्यालयको सिफारिस तथा नगर प्रमुखज्यूको आदेशका आधारमा कार्यपालिकाबाट न्यूनतम मापदण्ड तोकी प्रमुख प्रशासकीय अधिकृतले इन्धन उपलब्ध गराई प्रमाणित लगबुक वडागत रुपमा पेश गर्न लगाउनु पर्ने छ।

घ. प्रमुख प्रशासकीय अधिकृतको सवारी साधनमा आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा इन्धन उपलब्ध गराई सवारी चालकले प्रमाणित लगबुक पेश गर्नु पर्ने

ङ. नगरपालिकाको सवारी साधन प्रयोग गर्ने अधिकृतस्तरको कर्मचारीको हकमा मासिक १० लि. इन्धन उपलब्ध गराउने ।

च. निजि सवारी साधन नगरपालिकाको कार्यमा प्रयोग गर्ने अधिकृतस्तरको कर्मचारीलाई मासिक १० लि. र सहायक स्तरको कर्मचारीलाई मासिक ८ लि. इन्धन उपलब्ध गराउने ।

छ. प्राविधिक कर्मचारीहरुको हकमा शाखा प्रमुखको हकमा मासिक १५ लि. र निजको सिफारिसमा सहायक कर्मचारीलाई बढीमा १५ लि. इन्धन उपलब्ध गराउने ।

ज. विविध सवारी साधनको हकमा काम, कार्यबोझ र औचित्यको आधारमा प्रमुख प्रशासकीय अधिकृतले कारण खुलाई मासिक १० लि. इन्धन उपलब्ध गराउन सक्ने ।

झ. निजि सवारी साधन प्रयोग गर्ने कार्मचारीको सवारी साधन कार्यालयको कामको सिलसिलामा बिग्रिएर मर्मत गर्नु पर्दा प्रमुख प्रशासकीय अधिकृतले रु. ५ हजारसम्म मुल्यांकन वमोजिम वर्षमा १ पटक भुक्तानी दिन सक्नेछ ।

ञ. एम्बुलेन्स, पानि टयांकर तथा शववाहनमा आवश्यकता अनुसार इन्धन उपलब्ध गराउने तथा सो को लगबुक हरेक चालकले मासिक रुपमा पेश गर्नु पर्ने छ ।

ट. निशुल्क रुपमा उपलब्ध गराउनु पर्ने एम्बुलेन्सको हकमा सिफारिस कर्ता नगर प्रमुख, नगर उपप्रमुख वडा अध्यक्षको सिफारिस तथा स्वीकृतिका आधारमा इन्धन उपलब्ध गराउने तथा सो को लगबुक हरेक चालकले मासिक रुपमा पेश गर्नु पर्ने छ ।

ठ. कृषिजन्य यन्त्र उपकरण (ट्राक्टर लगायत अन्य) मा सम्बन्धित शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृति दिने ।

ड. सुरक्षा निकायको हकमा नगर प्रमुख स्तरीय निर्णय वमोजिम गर्ने ।

ढ. यसमा उल्लेख नभएकाको हकमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुखको स्वीकृति लिई आवश्यकता अनुसार गर्ने ।

ण. सवारी चालक अनुमतिपत्र प्राप्त कर्मचारीहरुलाई मात्र तोकिए वमोजिम सवारी साधन र इन्धन उपलब्ध गराइने छ ।

**निर्णय नं.६६.**

बेलका नगरपालिकाको स्वामित्वमा रहेका भारी निर्माण सामग्रीहरु (व्याक हो लोडर-१, स्काभेटर-१) प्रयोग गर्दा निम्नानुसार गर्ने सर्वसम्मत निर्णय गरियो ।

क. योजना तर्फ- लागत अनुमान, कार्य स्वीकार प्रतिवेदन तथा नापी कितावमा समेत उक्त साधन प्रयोग भएको अभिलेख देखाई सम्बन्धित योजना भुक्तानी दिएका वखत नै तोकिएको रकम कट्टा गर्ने तथा सो कार्यको आदेश प्रमुख प्रशासकीय अधिकृत वा योजना अधिकृतले गर्ने ।

ख. मर्मत सम्भार- तत्काल मर्मत सम्भार कार्य आवश्यक भई स्वीकृत योजना तथा कार्यक्रम भित्र नपरेको अवस्थामा वडा समितिको बैठकबाट माग गर्ने निर्णय गरी नगर प्रमुखज्यूबाट मौखिक/लिकित स्वीकृत लिई उक्त कामको वडा प्राविधिकबाट लागत अनुमान तयार गर्न लगाई नगरपालिकाको अभिलेख अद्यावधिक गर्ने । सो कार्यमा लाग्ने इन्धन सवारी चालकले प्रोत्साहन खर्च सम्बन्धित वडा कार्यालयले व्यवस्थापन गर्ने ।

ग. विपद व्यवस्थापन- विपद व्यवस्थापनमा प्रयोग गर्नुपर्दा नगर प्रमुख, उप-प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गरी सम्बन्धित वडा अध्यक्षले विपद व्यवस्थापनको कार्यमा लगाउन सकिनेछ । विपदजन्य स्थानको फोटो, मर्मत सम्भार पछिको फोटो, प्राविधिक प्रतिवेदन, वडाको सिफारिस र विपद व्यवस्थापन समितिको निर्णय सहित भए गरेको कामको प्रतिवेदन गरपालिकामा अद्यावाधिक गराउनुपर्नेछ ।

घ. स्वीकृत योजना कार्यक्रम तर्फ- स्वीकृत योजना कार्यक्रम तर्फ निर्माण कार्यमा सशुल्क प्रयोग गर्नुपर्दा वडा कार्यालयबाट पत्र मार्फत योजनाको विवरण खुलाई लागत इस्टिमेट समेत संलग्न राखी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनु पर्ने र भुक्तानी सिफारिस गर्दा वडा कार्यालयबाट सो व्यहोरा उल्लेख गरी सिफारिस गर्ने ।

ङ. भारी निर्माण सवारी चालकले हरेक महिना काम गरेको स्थान, योजना र कार्य अवधि समेत खुल्ने लगबुक तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरे पछि मात्र पारिश्रमिक भुक्तानी दिने ।

च. हेभी इक्युपमेन्टको प्रयोग उपभोक्ता समितिले इन्धन सहितको हेभी इक्युपमेन्टको लागि वडाको सिफारिस सहित अनुरोध भई आई सो को स्वीकृत भएमा सोहि योजनाबाट कट्टा गर्ने व्यवस्था गराउने ।

**निर्णय नं.६७.**

बेलका नगरपालिकामा आ.व.२०७९/०८० मा सम्झौता भई कार्य सम्पन्न भएका, कार्य हुदै गरेका तथा थालनी भएका अनुसूची ८ वमोजिमका योजना तथा कार्यक्रमहरु घाटा बजेट मार्फत भएकाले श्रोतमा बजेट व्यवस्थापन नभएको हुँदा भुक्तानी दिन नसकिएकाले आ.व. २०८०/०८१ को योजना तथा कार्यक्रममा भूक्तानी बाँकी शीर्षक अन्तर्गत राखिएको विवरण प्रमाणित गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.६८.**

बहालवाला पदाधिकारी तथा कर्मचारीहरुको नाममा कायम रहेको असुल उपर गर्नु पर्ने बेरुजु तथा म्याद नाघेको पेश्की १ महिना भित्रमा पछ्यौंट गर्ने र लेखा समिति मार्फत प्राप्त भएका बेरुजु सम्परीक्षण सम्बन्धि निर्णय अनुमोदन गरी ताल्लुक निकायम प्रेषण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.६९.**

बेलका नगरपालिकामा रहेका विभिन्न सडकहरु अतिक्रमण भइ सडक सुशासन असहज भएकाले वडाहरुले सूचना प्रकाशित गरी सडक सिमा क्षेत्रका जग्गा खाली गराउने र सडक दुर्घटना न्यूनीकरण सम्बन्धि क्रियाकलाप संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.७०.**

बेलका नगर अस्पतालमा कार्यरत स्वास्थ्य कर्मी र कर्मचारीहरुलाई नगर अस्पतालको कोषबाट नै पारिश्रमिक लगायतका सेवा सुबिधा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.७१.**

बेलका नगरपालिकामा कार्यरत नगर प्रहरीहरुलाई रासन खर्च वापत मासिक रुपमा रकम रु.३०००।- मात्र जनही उपलब्ध गराउने साथै नगरपालिकामा घरनक्सा, वडा कार्यालय, नगरको सम्पति तथा प्राकृतिक श्रोत तथा सम्पदाको संरक्षण गर्नु पर्ने सन्दर्भमा नगरमा रहेका नगर प्रहरीको जनशक्ति अत्यन्त न्यून रहेकाले आवश्यकताका आधारमा नगर प्रहरी पदपूर्ति गर्ने र यथासक्य छिटो नगर प्रहरी पदपूर्ति गर्नका लागि नगरपालिकालाई निर्देशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.७२.**

बेलका नगरपालिका क्षेत्र विपदबाट अत्यन्त जोखिम क्षेत्र रहेको र अधिकांश क्षेत्रमा वर्षायामको समयमा बाढीबाट प्रभावित हुने, पहिरो जाने, सडक बिग्रने हुँदा वडाबाट आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि कार्यक्रम निर्माण गर्दा विपद शिर्षकमा रकम रु.५,००,०००।- सम्म विनियोजन गरी कार्यक्रम निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.७३.**

बेलका नगरपालिकालाई वन क्षेत्रबाट प्राप्त हुने रोयल्टी रकम मध्ये वन वातावरणका लागि विनियोजित भएको रकम डिभिजन वन कार्यालयसँग समन्वय गरी वन क्षेत्रसँग सम्बन्धित कार्यक्रम संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.७४.**

बेलका नगरपालिकामा विगतमा ठेक्का व्यवस्थापन भइ निर्माण भएका तथा भविष्यमा निर्माण हुने भवन तथा संरचनाहरु निर्माण व्यवसायीले त्रुटी सच्याउने समय अवधि भित्र त्रुटी सच्याउनका लागि कार्यालयबाट पत्राचार हुंदा, कार्यालयको सम्पर्कमा नआएमा सम्बन्धित व्यवसायीले धरौटी वापत राखेको रकमबाट कट्टा गरी प्राविधिक नाँपजाँच र इस्टिमेट वमोजिमको निर्माण कार्य गर्ने/ गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.७५.**

बेलका नगरपालिका नगर सभाको बाहौं अधिवेशनद्वारा स्वीकृत बजेट तथा योजना कार्यक्रमहरु मध्ये घाटा वजेट शीर्षक अन्तर्गत रहेका योजना तथा कार्यक्रमहरु संचालन गर्ने सन्दर्भमा श्रोत यकिन गरी रकम व्यवस्थापन भए पश्चातमात्र योजना कार्यक्रम संचालन गर्ने अन्यथा उक्त कार्यक्रमहरु संचालन नहुने, नगर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.७६.**

आर्थिक वर्ष २०८०/०८१ मा वडा कार्यालयहरुलाई विनियोजन भएको वडा सिलिंङ्गबाट उक्त सिलिंङ्गको परिधि भित्र रही निर्माण भएका योजना तथा कार्यक्रमहरु प्राथमिकता तोकी क्रमश प्राथमिकता १ र प्राथमिकता २ गरी योजना तथा कार्यक्रम निर्माण गर्ने र प्राथमिकता १मा परेका योजना तथा कार्यक्रमहरु मात्र हिउदे नगर सभाको अधिवेश अगाडी सम्झौता गरी कार्यान्वयन गर्ने प्राथमिकता २ मा पर्ने योजना तथा कार्यक्रमको हकमा हिउदे नगर सभाको अधिवेशनले श्रोत यकिन गरेमा मात्र योजना सम्झौता र संचालन हुने अर्थात कुल योजना तथा कार्यक्रमको ५०% योजना कार्यक्रम आर्थिक वर्षको ६ महिना अगाडी सम्झौता गरी कार्यन्वयनमा लैजाने र बाँकी ५०% योजना तथा कार्यक्रम आगामी नगर सभाको अधिवेशनले श्रोत यकिन गरेमा र खर्च अख्तियारी प्रदान गरेमा सम्झौता गरी कार्यन्वयनमा लैजाने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.७७.**

बेलका नगरपालिकाले आर्थीक वर्षमा २०७९/०८० मा बेलका नगरपालिका वडा नं. ९ भाचुवामा निर्माण गरेको कभर्डहलमा निर्माण गर्ने क्रममा भएको परिणाम र परिमाणको भेरिएसन अर्डर नगर कार्यपालिकाले स्वीकृत गरी अनुमोदनका लागि पठाएकाले उक्त कभर्डहाल निर्माणमा गरीएको भरीएसन अर्डर स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.७८.**

बेलका नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० मा योजना अनुगमन समितिबाट पेश भएको वार्षिक अनुगमन प्रतिवेदन स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.७९.**

बेलका नगरपालिकामा रहेका गाडीहरु मर्मत गर्दा हाल मेकानिकल इन्जिनियर नभएका कारणले कार्यालयमा कार्यरत सब-इन्जिनियर उपेन्द्र थापाले मर्मत आदेशमा सिफारिस गरेको सम्बन्धित ड्राइभरले माग गरे वमोजिमको मोटरसाइकल र सबै खाले सवारी साधन मर्मत गरेको भुक्तानी अनुमोदन गर्ने ।

**निर्णय नं.८०.**

बेलका नगरपालिकामा नागरिक वडापत्र समय सापेक्ष अद्यावधिक गरी लागु गर्ने ।

**निर्णय नं.८१.**

बेलका नगरपालिकामा सबै वडाहरुमा संचालन अवस्थामा रहेका सडक बाटो तथा सडक संजालमा जोडिएकाबाटाहरु समय समयमा अविरल वर्षातका कारण बिग्रने गरेको र उक्त बाटोहरु प्रत्येक वर्षको नेपालिहरुको महान चाड बडा दशैं आगाडी नै वडाबाट मर्मत सम्भारका लागि नगरको जे.सी.भी. व्याक

हो लोडर र ट्र्याक्टर प्रयोग गरी कार्य संचालन गर्ने गरीएकोमा उक्त छोटो समयअवधि भित्र नगरको सिमित श्रोत तथ्या साधनले मात्र बाटो मर्मत सम्भार गर्ने कार्य गर्न नसकिने भएको हुँदा, आर्थिक वर्षको सुरुवातमा नै सबै वडा कार्यालयले बाटो मर्मत शीर्षकमा विनियोजन गरेको रकम र बेलका नगरमा रहेको बाटो शीर्षकमा रहेको रकम समेतबाट भुक्तानी हुने गरी बाटो मर्मत प्याकेज-प्याकेज बनाई एकमुष्ट ठेक्का व्यवस्थापन गरी बाटो मर्मत गराउने वा कानून वमोजिम नगरले निर्माण उपकरण(जे.सी.भी., स्काभेटर) भाडामा लिई नगरबाट इन्धन उपलब्ध गराई मुल्यांकनका आधारमा भुक्तानी हुने गरी बाटो मर्मत गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.८२.**

बेलका नगरपालिकाको नगर सभाको दशौं अधिवेशनबाट विनियोजित योजना तथा कार्यक्रमहरुको ठेक्का व्यवस्थापन, उपभोक्ता समिति गठन तथा कार्यक्रमको स्वीकृत अनिवार्यरुपमा २०८० मंसिर मसान्तभित्र गरिसक्नु पर्ने तथा दुई लाखभन्दा माथिका योजना तथा कार्यक्रमको सूचनापार्टी योजना/कार्यक्रम स्थलमा अनिवार्य राख्ने व्यवस्था गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.८३.**

बेलका नगरपालिकामा रहेका नदि तथा खोलाबाट नदिजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्रीका लागि ठेक्का व्यवस्थापन गर्दा स्वीकृत भएको IEE ले निर्देष्ट गरे वमोजिमको बनक्षेत्र छुट्याएर बाँकी रहेको क्षेत्रको मात्र ठेक्का व्यवस्थापनका लागि सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.८४.**

दुर्घटना, काबूबाहिरको परिस्थिति तथा विपदजन्य परिस्थितिमा बाहेक बेलका नगरपालिकाबाट प्रसुतीका लागि, जेष्ठ नागरिकका लागि र अपाङ्गता भएका व्यक्तिका लागि अन्यत्र लैजानु पर्दा बेलका नगर अस्पतालको प्रेसक्रिप्सन पत्र भएमा मात्र एम्बुलेन्स सेवा निशुल्क उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.८५.**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली २०७७ वमोजिम बेलका नगरपालिकाको आर्थिक कारोवारहरु संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.८६.**

नगरपालिकाको तर्फबाट संबैधानिक आयोग, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय तथा संघ/संस्थासँग औपचारीक कार्यक्रममा सहभागिता, नगरपालिका पक्ष भइ गरिने सम्झौतामा सम्झौता गर्न र आवश्यकता अनुसार अन्य कार्य गर्न नगर प्रमुखलाई अख्तियारी दिने सर्वसम्मत निर्णय गरियो

**निर्णय नं.८७.**

विभिन्न विद्यालयमा सहयोगी कार्यकर्ता, कार्यालय सहयोगी तथा विद्यालय कर्मचारीहरुका लागि आ.व. २०७९/०८० मा विनियोजित रकमबाट पारिश्रमिक भुक्तानी अपुग हुन आएको हुँदा, नपुग हुन आएको रकम (पारिश्रमिक) आगामी आ.व.२०८०/०८१ मा जिम्मेवारी सारी भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.८८.**

सपोर्ट अन द स्पोर्ट कार्यक्रम, जनतासँग प्रतिनिधि कार्यक्रम, संघ संस्था सहयोग कार्यक्रम, खेलकुद विकास समिति मार्फत भएको खर्च, पर्यटन विकास समिति मार्फत भएको खर्च, अति विपन्न खाद्यान्नका लागि भएको खर्च, भाषा कला साहित्य संस्कृति कार्यक्रमबाट हालसम्म भएका खर्चहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.८९.**

नगरपालिकामा हाल सम्म खर्च लेख्ने क्रममा भएको श्रोत सापटी तथा फिर्ता गरीएको कार्य अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.९०.**

बेलका नगरपालिकाद्वारा निशुल्क रुपमा संचालन हुँदै आएको शववाहन सेवालाई अझ प्रभावकारी रुपमा संचालन गर्नका निमित्त नगर क्षेत्र भित्र हुने घटनाको हकमा सम्बन्धित सुरक्षा निकायबाट अनुरोध भएमा स्वास्थ्य संस्थासम्म लैजान, नगर क्षेत्रमा भएको घटनाका समयमा घाटसम्म लैजानका लागि निशुल्क रुपमा संचालन गरीएको शववाहन सेवालाई निरन्तरता दिने साथै सो देखि बाहेक अन्यत्र भएको घटनाको हकमा नगर प्रमुखज्युको आदेशानुसार अति विपन्न गरिब घरपरिवारहरुलाई मात्र निशुल्क सेवा प्रवाह गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.९१.**

बेलका नगरपालिकामा संचालित अवस्थामा रहेका एम्बुलेन्स, शव-वहन, स्काभेटर, जे.सी.भी. ब्याक हो लोडरमा कार्यरत कर्मचारीहरुलाई तपशिल वमोजिमको अतिरिक्त सेवा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**तपशिलः**

क. नगरमा रहेका एम्बुलेन्स चालकहरुलाई निजहरुले चौबिसै घण्टा सेवा पुर्याएवापत एम्बुलेन्स चलाएको लगबुक प्रमाणित गरी इन्धन समेतको प्रमाणित गराई, मासिक रुपमा आय भएको कुल रकमको एकमुष्ट प्रति महिना १०% अतिरिक्त प्रोत्साहन रकम उपलब्ध गराउने ।

ख. नगरपालिकाले सामाजिक सेवा प्रवाहका लागि संचालन गरेको शववाहन सेवा प्रदानका लागि शववाहनमा चालकको रुपमा कार्यरत कर्मचारीले चौबिसै घण्टा सेवा प्रदान गर्नु पर्ने हुँदा, निजलाई प्रोत्साहन स्वरूप शव व्यस्थापन गरे वापत लगबुक प्रमाणित गरी इन्धन समेतको प्रमाणित गराई मासिक एकमुष्ट प्रति शव व्यवस्थापन रकम रु.४००।- का दरले अतिरिक्त प्रोत्साहन रकम उपलब्ध गराउने ।

ग. नगरमा रहेको जे.सि.भी. चालकको हकमा जे.सी.भी. चलाएको लगबुक प्रमाणित गरी इन्धन समेतको प्रमाणित गराई योजनाको हकमा योजना लागत अनुमान तथा अन्यत्रको हकमा समय तालिका सहितको लग बुकको आधारमा मासिक रुपमा एकमुष्ट निजले सेवा पुर्याएको/ जे.सी.भी. संचालन भएको प्रमाणित घण्टाको आधारमा प्रति घण्टा रकम रु.८०।- का दरले अतिरिक्त प्रोत्साहन रकम उपलब्ध गराउने ।

घ. नगरमा रहेको ब्याक हो लोडर चालकको हकमा ब्याक हो लोडरमा चलाएको लगबुक प्रमाणित गरी इन्धन समेतको प्रमाणित गराई योजनाको हकमा योजना लागत अनुमान तथा अन्यत्रको हकमा समय तालिका सहितको लग बुकको आधारमा मासिक रुपमा एकमुष्ट निजले सेवा पुर्याएको/ ब्याक हो लोडर संचालन भएको प्रमाणित घण्टाको आधारमा प्रति घण्टा रकम रु.१००।- का दरले अतिरिक्त प्रोत्साहन रकम उपलब्ध गराउने ।

**<u>निर्णय नं.९२.</u>**

बेलका नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ मा संचालन हुने योजना तथा कार्यक्रमहरु संचालन गर्दा नगरमा रहेका जे.सी.भी. तथा ब्याक हो लोडर समेत प्रयोग गरी योजना संचालन गर्नु पर्ने भएमा साविक वमोजिम कुनै योजना सम्झौता भए पश्चात नगरले सम्बन्धित विनियोजित रकमबाट कट्टा हेन गरी उपलब्ध गराउदै आएको इन्धन भुक्तानीको क्रममा दोहोर पर्न जाने र लेखापरीक्षण गराउँदा बेरुजु देखिने भएकाले त्यसरी दिने गरीएको इन्धन अबउपरान्त उपलब्ध नगराउने र यदि नगरको जे.सी.भी. तथा ब्याक हो लोडर प्रयोग गर्नु पर्ने भएमा इन्धन बाहेक तपशिल वमोजिमको शुल्क तिरेर/ योजनामा लागत अनुमानमा सुरुमै राखेर र मुल्यांकनमा समाविष्ट हुने गरी अन्तिम मुल्यांकन गरी भुक्तानी हुने प्रावधान मिलाई मात्र जे.सी.भी. तथा ब्याक हो लोडर भाडामा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**तपशिलः**

क. जे.सी.भी. प्रति घण्टा रकम रु.११००।- इन्धन बाहेक

ख. ब्याक हो लोडर प्रति घण्टा रकम रु.१७००।- इन्धन बाहेक

**<u>निर्णय नं.९३.</u>**

आर्थिक वर्ष २०७९/०८० मा स्वीकृत योजना/ कार्यक्रम संचालान गर्ने क्रममा विविध कारणबस संचालमा ढिलाई भइ समयमा सम्पन्न गर्न नसकिएको योजनाहरुको हकम गरीको म्याद थप तथा भेरिएसन अर्डर अनुसूची-९ वमोजिमको अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं.९४.</u>**

बेलका नगरपालिकाको बृहत्तर विकासका निमित्त अन्तराष्ट्रिय रुपमा भए गरेका विकासका प्रारूपहरुलाई अनुशरण गर्दै यस नगरमा पानि नयाँ प्रकृतिका माटो सुहाउँदो बैज्ञानिक तवरबाट विकास गर्नका लागि अन्य मुलुकमा विकसित नगरहरुसँग भगिनी सम्बन्ध राख्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं.९५.</u>**

बेलका नगरपालिकामा २०७९ मा नगरसभाबाट स्वीकृत देहाय वामिजिमका समितिहरुलाई निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

**क. राजश्व परामर्श समिति**

१. नगर उपप्रमुख श्री जिरा राई— संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत — सदस्य

३. ४ नं. वडा अध्यक्ष श्री तिर्थराज अधिकारी — सदस्य

४. कार्यपालिका सदस्य श्री कुमारी बचिया चौधरी- सदस्य

५. अध्यक्ष, उद्योग वाणिज्य संघ, बेलका नगरपालिका- सदस्य

६. अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ, बेलका नगरपालिका- सदस्य

७. आर्थिक प्रशासन् शाखा प्रमुख- सदस्य

८. राजश्व शाखा प्रमुख — सदस्य साचिव

**ख. श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति**

१. नगर प्रमुख श्री अशोक कार्की- संयोजक

२. नगर उपप्रमुख श्री जिरा राई- सदस्य

३. १ नं. वडा अध्यक्ष श्री दिनेश्वर प्रसाद चौधरी- सदस्य

४. ८ नं. वडा अध्यक्ष श्री जय कुमार राई- सदस्य

५. कार्यपालिका सदस्य श्री चन्द्रकला परियार- सदस्य

६. कार्यपालिका सदस्य श्री विष्णु कुमारी परियार- सदस्य

७. प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिव

**ग. बजेट तथा कार्यक्रम तर्जुमा समिति**

१. नगर उपप्रमुख श्री जिरा राई- संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत- सदस्य

३. विषयगत क्षेत्र हेर्ने (समिति) कार्यपालिका सदस्यहरु सबै-सदस्य

४. प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख- सदस्य सचिव

**घ. न्यायिक समिति**

१. नगर उपप्रमुख श्री जिरा राई- सदस्य

२. २ नं. वडा अध्यक्ष श्री प्रेम बहादुर दाहाल- सदस्य

३. कार्यपालिका सदस्य श्री नानुमैया घिमिरे- सदस्य

**ङ. कानून तर्जुमा मस्यौदा समिति**

१. नगर प्रमुख श्री अशोक कार्की- संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत- सदस्य

३. ९ नं. वडा अध्यक्ष श्री पदम बहादुर खड्का- सदस्य

४. ७ नं. वडा अध्यक्ष श्री निकेश राई- सदस्य

५. कार्यपालिका सदस्य श्री नानुमैया घिमिरे- सदस्य

६. कार्यपालिका सदस्य श्री सरिता बि.क.- सदस्य

७. कानुन अधिकृत/ कानूनी सल्लाहकार- सदस्य सचिव

**च. नगर विपद व्यवस्थापन समिति**

१. नगर प्रमुख श्री अशोक कार्की- संयोजक

२. नगर उपप्रमुख श्री जिरा राई- सदस्य

३. स्थानीय राजनैतिक दलका प्रमुख एवंम् प्रतिनिधि- सदस्य

४. प्रमुख प्रशासकीय अधिकृत- सदस्य

५. विषयगत समितिका सदस्यहरु सबै- सदस्य

६. जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि (माग गर्ने)- सदस्य

७. विषयगत शाखा प्रमुख सबै- सदस्य

८. बेलका नगरपालिका कार्यक्षेत्र रहेका स्थानीय प्रहरी प्रमुख- सदस्य

९. बेलका नगरपालिका कार्यक्षेत्र रहेका स्थानीय सशस्त्र प्रहरी प्रमुख- सदस्य

१०. नेपाल रेडक्रस सोसाईटी- सदस्य

११. प्रमुख, उद्योग वाणिज्य संघ, रामपुर- सदस्य

१२. गैरसरकारी महासंघ, रामपुर- सदस्य

१३. पत्रकार महासंघ रामपुर- सदस्य

१४. विपदका लागि कार्यरत संस्थाहरु- सदस्य

**१५.** विपद व्यवस्थापन शाखा प्रमुख (इन्जिनियर/प्रशासन)- सदस्य सचिव

**छ. लेखा समिति**

**१.** ५ नं. वडा अध्यक्ष श्री दिपकराज रेग्मी - संयोजक

२। सभा सदस्य श्री टेकबहादुर कार्की - सदस्य

३। सभा सदस्य श्री फाल्गुन कार्की - सदस्य

४। सभा सदस्य श्री कल्पना विश्वकर्मा - सदस्य

५। आ.ले.प. शाखा प्रमुख निज नभएको अवस्थामा लेखा शाखा प्रमुख — सदस्य सचिब

**ज. विधायन समिति**

१। ९ नं. वडा अध्यक्ष श्री पदमबहादुर खड्का - संयोजक

२। सभा सदस्य श्री तलबमाया राई - सदस्य

३। सभा सदस्य श्री लिलाप्रसाद न्यौपाने - सदस्य

४। सभा सदस्य श्री कल्पना कटुवाल - सदस्य

५। कानूनी सल्लाहकार — सदस्य सचिब

**झ. सुशासन तथा संस्थागत विकास समिति**

१। ४ नं. वडा अध्यक्ष श्री तिर्थराज अधिकारी - संयोजक

२। सभा सदस्य श्री सन्तोष थापा - सदस्य

३। सभा सदस्य श्री काजि तामाङ - सदस्य

४। सभा सदस्य श्री राममाया विश्वकर्मा - सदस्य

५। प्रशासन शाखा प्रमुख- सदस्य सचिब

**ञ. आर्थिक विकास समिति**

१। १ नं. वडा अध्यक्ष श्री दिनेश्वर प्रसाद चौधरी — संयोजन

२। श्री राजेन्द्र परियार — सदस्य

३। श्री विष्णुकुमारी परियार — सदस्य

४। कृषि विकास शाखा प्रमुख — सदस्य सचिब

**ट. सामाजिक विकास समिति**

१। ३. नं. वडा अध्यक्ष श्री टंक प्रसाद आचार्य — संयोजक

२। श्री बचिय चौधरी — सदस्य

३। श्री सरिता बि.क.- सदस्य

४। सामाजिक विकास शाखा प्रमुख- सदस्य सचिब

**ठ. वन वातावरण तथा विपद व्यवस्थापन समिति**

१। ६ नं. वडा अध्यक्ष श्री बसन्त मगर — संयोजक

२। श्री नानिमैया खतिवडा- सदस्य

३। श्री राजेन्द्र परियार — सदस्य

४। विपद हेर्ने प्राविधिक- सदस्य

५। योजना शाखा प्रमुख- सदस्य सचिब

**ड. पूर्वाधार विकास समिति**

१। ८ नं. वडा अध्यक्ष श्री जयकुमार राई- संयोजक

२। श्री निर वहादुर विश्वकर्मा- सदस्य

३। श्री निर्मला विश्वकर्मा- सदस्य

४। भौतिक पूर्वाधार विकास शाखा- सदस्य सचिब

**ढ. उद्यम विकास समिति**

१. नगर प्रमुख- श्री अशोक कार्की

२. प्रमुख प्रशासकीय अधिकृत — सदस्य

३. वडा नं. १ वडा अध्यक्ष —श्री दिनेश्वर प्रसाद चौधरी

४. सभाको महिला सदस्य — श्री नानुमाया खतिवडा घिमिरे

५. महिला उद्यमी श्री — निर्मला कार्की

६. वित्तीय वा सहकारी सदस्य — श्री कमला सेढाई

७. उद्योग शाखा प्रमुख — सदस्य सचिब

**ण. स्थानीय निर्देशक समिति (प्रधानमन्त्री रोजगार कार्यक्रम)**

१. नगर प्रमुख — श्री अशोक कार्की — संयोजक

२. नगर उपप्रमुख — श्री जिरा राई — सदस्य

३. वडा नं.४ वडा अध्यक्ष — श्री तिर्थराज अधिकारि — सदस्य

४. वडा नं.८ वडा अध्यक्ष – श्री जयकुमार राई- सदस्य
५. प्रमुख प्रशासकीय अधिकृत – सदस्य
६. प्रधानमन्त्री रोजगार संयोजक – सदस्य सचिब

**त. नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति**

१. अध्यक्ष – नगर प्रमुख
२. उपाध्यक्ष- नगर उपप्रमुख
३. सबै वडाका वडा अध्यक्ष – सदस्य
४. दलित महिला सदस्य – श्री ज्योति बागदास – सदस्य
५. महिला सदस्य – श्री देवी माया बास्तोला – सदस्य
६. सामाजिक विकास उप-शाखा – श्री एकबहादुर निरौला – सदस्य
७. नगरपालिकाका स्वास्थ्य, कृषि, पशुपन्छी विकास, खानेपानी तथा सरसफाई, महिला बालबालिका तथा समाज कल्याण, शिक्षा, सुशासन, अर्थ, संचार, वाणिज्य र आपूर्ति र योजना तथा अभिलेख सम्बन्धी इकाईका प्रमुखहरु- सदस्य
८. उद्योग वाणिज्य संघको अध्यक्ष/ प्रतिनिधि - सदस्य
९. गैर सरकारी संस्था महासंघको अध्यक्ष – सदस्य
१०. प्रशासकीय अधिकृत – श्री उत्तम ढकाल – सदस्य सचिब

**थ. नगर शिक्षा समिति**

१. अध्यक्ष – नगर प्रमख – श्री अशोक कार्की
२. सदस्य – नानुमाया घिमिरे
३. सदस्य - सरिता रामदाम (विश्वकर्मा)
४. विद्यालयका प्र.अ.हरु – सदस्य – श्री शर्मिला न्यौपाने (अधिकारी)
- सदस्य – श्री जीरमान राई (जनता आधारभूत विद्यालय आरंगा)
५. वि.व्य.स. अध्यक्ष – सदस्य – श्री कुबेर मगर
६. विशेष विद्यालय तथा अपाङ्ग व्यक्तिहरुको प्रतिनिधि – सदस्य – श्री अमृत राई
७. शिक्षा प्रेमी वुद्धिजीवी लगायतबाट- सदस्य – गोबिन्दकुमार खड्का
सदस्य – दिपा राई
सदस्य – निर्मला बस्नेत
८. सदस्य सचिब – शिक्षा शाखा प्रमुख

**द. कृषि विकास समिति**

१. नगर प्रमुख – श्री अशोक कार्की – संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत – सदस्य
३. महिला सदस्य – श्री डबलमाया राई – सदस्य

४. दलित महिला सदस्य — श्री चन्द्रकला परियार — सदस्य

५. कृषि उद्योगी, व्यवसायी एग्रोभेट संचालक — श्री नयिन्द्र कार्की बेलका वडानं. ९—सदस्य

६. कृषि सहकारी अध्यक्ष/ प्रतिनिधि — श्री कमलाबारी कृषि सहकारी — सदस्य

७. कृषि विकास समिति संयोजक — वडा नं. १ वडा अध्यक्ष — श्री दिनेश्वर प्रसाद चौधरी

८. पशुपन्क्षि तथा मत्स्य विकास शाखा प्रमुख — सदस्य

९. कृषक समूह महासंघ प्रतिनिधि — सदस्य

१०. महिला कृषक समूह प्रतिनिधि — रिवा कृषि समूह बेलका वडा नं. १ अध्यक्ष — सदस्य

११. कृषि विकास शाखा प्रमुख — सदस्य सचिव

**ध. पेश्की तथा बेरुजु फस्यौंट समिति**

१. संयोजक वडा नं. ३ का वडा अध्यक्ष — श्री टंकप्रसाद अचार्य

२. सदस्य — श्री राजेन्द्र परियार

३. सदस्य — श्री विष्णु परियार

४. सदस्य सचिव- लेखा शाखा प्रमुख

**न. लैङ्गिक हिंसा निवारण कोष संचालन समिति**

१. नगर उपप्रमुख — श्री जिरा राई- संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत- सदस्य

३. वडा नं. ३ का वडा अध्यक्ष — श्री टंकप्रसाद अचार्य — सदस्य

४. आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

५. स्वास्थ्य शाखा प्रमुख- सदस्य

६. स्थानीय प्रहरी कार्यालयको प्रमुख - सदस्य

७. महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाज कल्याण शाखा प्रमुख — सदस्य सचिव

**ऩ. महिला सुरक्षा आवास गृह संचालन समिति**

१. नगर उपप्रमुख — श्री जिरा राई — संयोजक

२. स्थानीय प्रहरी कार्यालयबाट(महिला, बालबालिका तथा जेष्ठ नागरिक हेर्ने) — सदस्य

३. कानूनी सल्लाहकार — सदस्य

४. स्वास्थ्य शाखा प्रमुख — सदस्य

५. शिक्षा शाखा प्रमुख — सदस्य

६. महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाज कल्याण शाखा प्रमुख — सदस्य

७. मानोपरामर्श दाता — श्री जानुका कार्की दंगाल — सदस्य सचिव

**प. अपाङ्गता समन्वय समिति**

१. नगर उपप्रमुख — श्री जिरा राई — संयोजक

२. महिला सदस्य — श्री प्रमिला विश्वकर्मा- सदस्य

३. प्रध्यानाद्यापक — श्री बेलकुमारी आचार्य- सदस्य

४. चिकित्सक — श्री डा. बिशाल राई- सदस्य

५. स्थानीय प्रहरी कार्यालय प्रमुख- सदस्य

६. प्रमुख प्रशासकीय अधिकृत — सदस्य

७. सामाजिक शाखा- सदस्य

८. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख— सदस्य सचिब

**फ. विपन्न उपचार सिफारिस समिति**

१। नगर प्रमुख — संयोजक

२। प्रमुख प्रशासकीय अधिकृत — सदस्य

३। स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिब

**ब. उर्जा विकास समिति**

१. ४ नं. वडा अध्यक्ष श्री तिर्थराज अधिकारी- संयोजक

२. श्री निर्मला वि.क.- सदस्य

३. श्री विष्णु कुमार परियार- सदस्य

४. श्री चन्द्रकान्त सतारा(इन्जिनियर)- सदस्य

५. कृषि विकास शाखा प्रमुख श्री हिमाल गुरागाँई- सदस्य सचिव

**भ. नगर स्तरीय भूमि सहजीकरण समिति**

१. नगर प्रमुख श्री अशोक कार्की- संयोजक

२. नगर उपप्रमुख श्री जिरा राई- सह-संयोजक

३. नेपालि कांग्रेस नगर कमिटि सभापति/प्रतिनिधि- सदस्य

४. नेपाल कम्युनिष्ट पार्टी नगर अध्यक्ष/ प्रतिनिधि- सदस्य

५. नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)नगर अध्यक्ष/प्रातिनिधि- सदस्य

६. जनता समाजबादी पार्टी नगर कमिटि अध्यक्ष/ प्रतिनिधि- सदस्य

७. राष्ट्रिय प्रजातन्त्र पार्टी नगर अध्यक्ष/ प्रतिनिधि- सदस्य

८. कार्यपालिका सदस्य श्री राजेन्द्र परियार- सदस्य

९. महिला सदस्य श्री विष्णु परियार- सदस्य

१०. नगर राष्ट्रिय कृषक महासंघ अध्यक्ष/ प्रतिनिधि- सदस्य

११. नगर भुमि अधिकार मंच अध्यक्ष/ प्रतिनिधि- सदस्य

१२. प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिब

१३. सचिवालय सचिब/ भुमि सेवा केन्द्र श्री मनिषा राई- सहजीकरण सदस्य

**म. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरणका लागि**

**१। स्थानीय तह समन्वय समिति**

१। नगर उप-प्रमुख — अध्यक्ष
२। प्रमुख प्रशासकीय अधिकृत — सदस्य
३। ९ नं. वडा अध्यक्ष श्री पदमबहादुर खडका — सदस्य
४। शिक्षा अधिकृत — सदस्य
५। पंजीकरण शाखा प्रमुख — सदस्य सचिब

**२। नगरपालिकाको गुनासो सुनुवाई समिति**

१। प्रमुख प्रशासकीय अधिकृत — संयोजक
२। प्रशासन शाखा प्रमुख- सदस्य
३। पंजीकरण शाखा प्रमुख — सदस्य सचिब

**३। वडा कार्यालय गुनासो सुनुवाई समिति**

१। सम्बन्धित वडाको अध्यक्ष — संयोजक
२। वडा अध्यक्षले तोकेको महिला वडा सदस्य — सदस्य
३। वडा सचिब — सदस्य सचिब

**य. नगर बाल अधिकार समिति**

१. नगर उप-प्रमुख — श्री जिरा राई- संयोजक
२. वडा सदस्य — न्श्री कल्पना कटुवाल — सदस्य
३. वडा सदस्य — श्री काजि तामाङ- सदस्य
४. हरिपुर आ.बि. शिक्षक — श्री फणिन्द्र चौधरी — सदस्य
५. प्रमुख प्रशासकीय अधिकृत — सदस्य
६. प्रशासकीय अधिकृत (योजना शाखा) — सदस्य
७. प्रशासकीय अधिकृत (प्रशासन शाखा) — सदस्य
८. जनस्वास्थ्य अधिकृत — सदस्य
९. महिला बालबालिका शाखा प्रमुख — सदस्य
१०. सामाजिक विकास शाखा — सदस्य
११. बाल समाजसेवी — सदस्य
१२. बाल मनोविज्ञ- सदस्य
१३. इलाका प्रहरी कार्यालय प्रतिनिधि — सदस्य
१४. स्वास्थ्यकर्मी — सदस्य
१५. बालबालिकाको क्षेत्रमा काम गर्ने संघ संस्थाको प्रतिनिधि — सदस्य
१६. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख- सदस्य सचिव

**र. किशोर किशोरी मैत्री स्वास्थ्य सेवा स्थानीय तह समन्वय समिति**

१. नगर प्रमुख — संयोजक

२. नगर उप-प्रमुख — सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
४. वडा नं. ४ का वडा अध्यक्ष — श्री तिर्थराज अधिकारी- सदस्य
५. शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख — सदस्य
६. सामाजिक विकास शाखा प्रमुख- सदस्य
७. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख — सदस्य
८. स्वास्थ्य शाखा प्रमुख- सदस्य सचिब

**ल. पर्यटन विकास समिति**

१. श्री शिव थापा- अध्यक्ष
२. श्री सालिग्राम खड्का- उपाध्यक्ष
३. श्री पूर्णकला बन्जरा- सचिव
४. श्री टंक प्रसाद फुयाल- सहसचिव
५. श्री दिपा राई- कोषाध्यक्ष
६. श्री तिलक मगर-सदस्य
७. श्री करुणा राई-सदस्य
८. श्री गणेश राई-सदस्य
९. श्री रिता गुरागाईं-सदस्य
१०. श्री मुमा खड्का- सदस्य
११. श्री मदन निरौला-सदस्य
१२. श्री दिलबहादुर राई- सदस्य
१३. श्री तबलमाया राई-सदस्य
१४. श्री नन्दीलाल चौधरी- सदस्य
१५. श्री ओम बहादुर कट्टेल- सदस्य

**व. खेलकुद विकास समिति**

१. श्री गोपी लाल राई- अध्यक्ष
२. श्री अर्जुन राई- उपाध्यक्ष
३. श्री दिपेन्द्र राना- सचिव
४. श्री सुशान्त राई- कोषाध्यक्ष
५. श्री अटिवन राई- सहसचिव
६. श्री सुष्मा राई- सदस्य
७. श्री बिमला राई- सदस्य
८. श्री सोमा खड्का- सदस्य
९. श्री कमल खड्का- सदस्य

१०. श्री नबिन राई- सदस्य
११. श्री बिजय राई- सदस्य
१२. श्री राम कुमार चौधरी- सदस्य
१३. श्री नथुराम राई- सदस्य
१४. श्री प्रज्वल साह- सदस्य
१५. श्री पुष्प राज तिम्सिना- सदस्य
१६. श्री तारानाथ मगर- सदस्य
१७. श्री मणिकुमार राई- सदस्य
१८. श्री निश्चल राई- सदस्य
१९. श्री सनवीर राई- सदस्य
२०. श्री रामन खड्का- सदस्य
२१. श्री चन्द्र नारायण चौधरी- सदस्य
२२. श्री नरेश विष्ट- सदस्य
२३. श्री नरेश खड्का- सदस्य
२४. श्री अर्जुन माझि- सदस्य
२५. श्री लक्ष्मीकुमारी विष्ट- सदस्य

**निर्णय नं.९६.**

तपसिल बमोजिमका आयोजनाहरु नगर गौरवका आयोजनाका रुपमा रहेकाले प्राथमिकतामा राखी कार्यान्वयन गर्ने।

क. बेलका चक्रपथ निर्माण
ख. आम्बासी भागलपुर रामपुर कालोपत्रे निर्माण
ग. रङ्गमल बोसाङ्ग पदमार्ग निर्माण
घ. गिदेरी खोला व्यवस्थापन
ङ. सिशुवा खोला व्यवस्थापन तथा च्यानलीङ्ग
च. नगरभरीका खहरे खोलाहरुको व्यवस्थापन
छ. बेलका नगरपालिका ३ को सुनखानीक्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने
ज. बेलका नगरपालिका वडा नं. ७ मैनामैनी धार्मिक क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने।
झ. रामपुर खानेपानि आयोजना
ञ. समबारे मायुंटार सडक कालो पत्रे
ट.
ठ.
ड.
ढ.
ण.

**निर्णय नं.९७.**

साविक स्थानीय निकायमा नियुक्तियो भइ समायोजन पश्चात बेलका नगरपालिका स्थापन समयदेखि नै यस कार्यालयमा रही कार्य सम्पादन गर्नु हुने तपशिल वमोजिमका कर्मचारी आफ्नो सेवाबाट अनिवार्य अवकास (सेवा निवृत्त) हुनु भएको हुँदा, लामो समय यस कार्यालयमा सेवा प्रदान गरी पुर्याउनु भएको योजदानको उच्च कदर गर्दै, भविष्यमा समेत समाज परिवर्तन आफ्नो लामो समयको अनुभव उत्पादनमुलक क्षेत्रमा लगाउदै समाज रुपान्तरणको प्रेरक व्यक्तिको रुपमा स्थापित हुनु होस् भन्दै स्वास्थ्य र उर्जाशील भविष्यको कामनाको साथ सम्मान तथा विदाई गर्ने सर्वसम्मत निर्णय गरियो

तपशिलः

१. श्री उमेश कटुवाल- सहायक तेश्रो

२. श्री अनिल चाम्लिङ- अ.सब-इन्जिनियर

**निर्णय नं.९८.**

नगर सभाको बाहौं अधिवेशनको बैठकको क्रमसंख्या १ देखि ९७ सम्मको निर्णयहरु सर्वसम्मत पारित गरियो ।

**निर्णय नं.९९.**

नगर सभाको बाहौं अधिवेशनको बैठकको क्रमसंख्या १ देखि ९ सम्मको अनुसूचीहरु सर्वसम्मत पारित गरियो ।